नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## गणतन्त्र दिवस, २०८२ को शुभकामना सन्देश

गणतन्त्र दिवस, २०८२ को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्नु हुने ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै सहिद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरु प्रति उच्च सम्मान प्रकट गर्दछु।

वि.सं. २०६५ साल जेठ १५ गते देशमा गणतन्त्र स्थापना भएको ऐतिहासिक एवम् गौरवमय दिनको सम्झना स्वरुप हामीले प्रत्येक बर्ष जेठ १५ गतेलाई गणतन्त्र दिवसको रुपमा मनाउंदै आईरहेका छौं। यस अवसरमा संघ, प्रदेश र स्थानीय तहका सरकार र विदेशस्थित कुटनीतिक नियोगहरुले विविध कार्यक्रमहरु तय गरी हर्षोल्लास पूर्वक गणतन्त्र दिवस मनाउदै आईरहेका छन्। आगामी दिनहरुमा यी र यस्ता दिवसहरुलाई नागरिकस्तरबाट समेत भव्य रुपमा मनाउने वातावरण सृजना गरी अघि बढ्न सके यी दिवसहरुको गरिमा अझै बढ्दै जाने विश्वास लिएको छु ।

अन्तमा, आजको यस ऐतिहासिक दिवसले नेपालको संविधान र लोकतान्त्रिक गणतन्त्रका मूल्य र मान्यताहरुलाई आत्मसात गर्दै राष्ट्रमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिलाई थप उचाईमा पुऱ्याउदै राष्ट्रिय लक्ष्य हासिल गर्ने बाटोमा अघि बढ्न सबैलाई प्रेरणा मिलोस भन्ने शुभेच्छा सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

२०८२ जेठ १५ गते, विहीबार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख